नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

च.नं.
प.स. २०८२/०८३

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

मितिः २०८२।०६।३०
११४५ कौलागाः १०, बिहिबार

**बिषयः जिल्ला प्रशासन कार्यालय पाल्पाद्धारा जारी गरिएको सूचना ।**

मिति २०८२ सालको दिपावली, नेपाल सम्वत् तथा छठ पर्वको उपलक्ष्यमा देश विवदेशमा रहनुहुने बुवा-आमा, दाजुभाई, दिदी बहिनी लगायत सम्पूर्ण जिल्लावासीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिपवाली तथा छठ जस्ता चाडपर्व मनाउने क्रममा मैनबत्ती, पाला बाल्ने क्रममा एवं विद्युतिय उपकरण बाल्ने क्रममा आगलागि भंई विपद्का घट्ना घटन सक्ने हुंदा यस्ता कार्यहरु गर्दा पूर्ण रुपमा सजकता अपनाई तपसिल बमोजिम कार्यहरु गर्नु/गराउनु हुन अनुरोध छ ।साथै कसैले प्रचलित कानून विपरितको कार्य गरेको पाईएमा कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सबैमा जानकारीका लागि अनुरोध छ ।

**तपसिलः**

१. कानून विपरितका क्रियाकलापहरु जुवातास, लङ्गुरबुर्जा खेल्ने/खेलाउने, भुईचम्पा, पटका तथा आतसवाजी जस्ता विस्फोटक पदार्थहरुको विक्री वितरण तथा प्रयोग नगर्ने/नगराउने ।

२.शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गरी देउसी, भैलो, नाचगान लगायतका कार्यक्रमहरु विहान ७:०० बजे देखि बेलुकी १०:०० बजे सम्म मात्र संचालन गर्ने ।

३. शान्ति सुरक्षामा असर पर्ने गरी मादक पदार्थ सेवन गरी सार्वजनिक स्थानहरुमा हो-हल्ला, भिडभाड तथा हुलहुज्जत जस्ता गतिविधि क्रियाकलाप नगर्ने नगराउने ।

४. म्याद गुज्रेका भाईमसला, अखाद्य बस्तु, रङ मिसाईएका मिठाई लगायतका अस्वस्थ खाना र गुणस्तरहीन खाद्य वस्तुहरुको बिक्री वितरण एवं उपभोग नगर्ने/नगराउने ।

..................
ऋषिराम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी